# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१० संख्याः १ मिति : २०८३/१/११

भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन (नियमित गर्ने), २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८२।११।२९ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८३ सालको नियम नं.१

उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थी सम्मान एवम् पुरस्कार कार्यविधि,२०८३

# उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थी सम्मान एवम् पुरस्कार कार्यविधि,२०८३

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०१।११**

गेरुवा गाउँपालिका अन्तर्गतका विद्यालयको शैक्षिक गुणस्तर सुधारमा सकारात्मक उत्प्रेरणा सहित थप प्रोत्साहन एवम् हौसला प्रदान गर्ने उद्देश्यले प्रत्येक वर्ष गाउँपालिकाबाट उत्कृष्ट नतिजा ल्याउने र उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थीहरुलाई प्रदान गरिने शैक्षिक सम्मान तथा पुरस्कार कार्यक्रमलाई नियमित, व्यवस्थित र थप प्रभावकारी रुपमा कार्यान्यवन गर्नका लागि गेरुवा गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थी सम्मान एवम् पुरस्कार कार्यविधि,२०८३**" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले गेरूवा गाउँपालिका सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले गेरुवा गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ग) "शिक्षा समिति" भन्नाले गेरूवा गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्छ ।

(घ) "शिक्षा शाखा" भन्नाले गेरूवा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

(ङ) "विद्यालय" भन्नाले गेरुवा गाउँपालिकामा सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयलाई सम्झनु पर्छ।

(च) " शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा अध्यापन गर्ने अध्यापकलाई सम्झनु पर्दछ।सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ।

(छ) "समिति" भन्नाले यस कार्यविधिको दफा (४) बमोजिम गठन हुने छनौट तथा सिफारिस समितिलाई सम्झनु पर्छ।

(ज) "बालविकास शिक्षक" भन्नाले सामुदायिक विद्यालयको बालकक्षामा अध्यापन गर्ने शिक्षक वा बालविकास सहजकर्तालाई सम्झनु पर्दछ।

(झ) "विद्यालय कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत सहायक कर्मचारीलाई सम्झनु पर्दछ।सो शब्दले विद्यालयको लेखापाल र विद्यालय नर्सलाई समेत जनाउँछ।

(ञ) "विद्यालय सहयोगी" भन्नाले सामुदायिक विद्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ।

## परिच्छेद २

## उद्देश्य

**३. उद्देश्यः** (१) यस कार्यविधिको उद्देश्य देहायबमोजिमका रहेका छन् :
क) उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थी छनौटका आधार र मापदण्ड निर्धारण गरी निष्पक्ष, पारदर्शी र व्यवस्थित रुपमा सम्मान एवम् प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।
ख) यो कार्यविधिमा तोकिएको आधार र मापदण्ड बमोजिम उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थी छनौट गरी पुरस्कृत गर्ने ।
ग) छनौट हुने उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थीहरुलाई प्रदान गरिने प्रोत्साहन एवम् पुरस्कार रकमलाई शैक्षिक गुणस्तर सुधारका लागि उपयोग गर्न मार्गनिर्देश गर्ने ।

## परिच्छेद ३

## समिति र शिक्षा शाखाको भूमिका

**४. छनौट तथा सिफारिस समितिः**(१) गाउँपालिकामा उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थी छनौट गरी शिक्षा समितिमा पेश गर्नका लागि गाउँपालिकास्तरीय देहायबमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछ।

क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक
ख) समाजिक विकास समिति संयोजक -सदस्य
ग) शिक्षा शाखा प्रमुख/प्रतिनिधि -सदस्य सचिव

(२) यस समितिको सचिवालय गाउँपालिकाको शिक्षा शाखामा रहनेछ।
(३) समितिले आवश्यकता अनुसार बैठकमा गाउँपालिका अन्तर्गतका विषयगत शाखा प्रमुख वा सम्बन्धित क्षेत्रका विज्ञ एवम कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ।
(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**५.समितिको काम, कर्तव्य र अधिकारः** शैक्षिक सम्मान तथा पुरस्कार कार्यक्रम कार्यान्वयनमा दफा (४) बमोजिमको छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।
क) यस कार्यविधिको **अनुसूची (३)को** ढाँचामा विद्यालयबाट प्राप्त मूल्याङ्कन आवेदन फारम/निवेदन उपर छलफल, विश्लेषण र अध्ययन गरी **अनुसूची (१) र (२)** मा उल्लेखित मापदण्ड एवम् सूचकका आधारमा मूल्याङ्कन गरेर उत्कृष्ट विद्यालय, शिक्षक, कर्मचारी छनौट र सिफारिस गर्ने ।
ख) स्वीकृत बजेटको परिधिअनुसार उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थीलाई प्रदान गरिने पुरस्कार तथा सम्मानको सङ्ख्या, प्रकार र रकम निर्धारण गरी शिक्षा समितिमा पेश गर्ने ।

ग) छनौट भएका उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थीहरुको नामनामेसी विवरणसहितको सूची तयार एवम् अद्यावधिक गर्ने ।

**६.शिक्षा शाखाको भूमिकाः** उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थीहरुलाई प्रदान गरिने शैक्षिक सम्मान तथा पुरस्कार कार्यक्रम कार्यान्वयन गर्न गराउन शिक्षा शाखाको भूमिका देहाय बमोजिम हुनेछ ।

क) शैक्षिक सम्मान तथा पुरस्कार कार्यक्रम कार्यान्वयका लागि सूचना प्रवाह गर्ने ।

ख) प्राप्त आवेदन फारम एवम् निवेदनहरुलाई शिक्षा शाखामा सङ्कलन एवम् विश्लेषण गरी छनौट तथा सिफारिस समितिमा मूल्याङ्कनका लागि पेश गर्ने ।

ग) शिक्षा समितिबाट छनौट भई आएका विद्यालय, शिक्षक तथा कर्मचारीहरुसँग सम्झौता गर्ने ।

घ) गाउँपालिकाले तोकेको मिति, स्थान र समयमा कार्यक्रम सञ्चालन एवम् व्यवस्थापन गर्ने ।

ङ) कार्यक्रम आयोजना गरेर सम्मान तथा प्रोत्साहन रकम र प्रमाणपत्र वितरण गर्ने ।

च) कार्यक्रम प्रभावकारी बनाउन गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने, गराउने।

## परिच्छेद ४

## कार्यक्रम कार्यान्वयन प्रक्रिया

**७. सम्मान तथा पुरस्कार छनौटको आधारः** (१) गाउँपालिका कार्यालयबाट छनौट हुने उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी र विद्यार्थी छनौटको आधार मुख्यतया देहायबमोजिमको दुई प्रकारको हुनेछ।

क) शैक्षिक नतिजा – अनुसूची १ मा उल्लेख गरिएबमोजिमको आधार।

ख) समग्र सूचक/मापदण्ड – अनुसूची २ मा उल्लेख गरिएबमोजिमको आधार।

(२) गाउँपालिकाले उपदफा (१) मा उल्लेख गरिएको छनौटको आधार बमोजिम मूल्याङकन गरी दुवै प्रकारको वा दुईमध्ये कुनै एक प्रकारको शैक्षिक सम्मान एवम् पुरस्कार कार्यक्रम सञ्चालन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको आधारमा दुवै प्रकारको सम्मान एवम् पुरस्कार वितरण गर्दा कुनैपनी विद्यालय, शिक्षक तथा कर्मचारीलाई दोहोरो नपर्ने गरी वितरण गरिनेछ।

**८. कार्यक्रम कार्यान्वयन :** (१) शैक्षिक सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सञ्चालन गर्दा देहायबमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ।

क) गाउँपालिकाले यस कार्यविधिमा उल्लेख गरिएका आधारहरु सहित सम्मान तथा पुरस्कारका लागि बढीमा **१५ दिने** सूचना गाउँपालिकाको वेवसाइट मार्फत सार्वजनिक गर्नेछ ।

ख) सूचना प्रकाशन पश्चात आवेदकले यस कार्यविधिको **अनुसूची (३) को** मूल्याङ्कन आवेदन फारम ढाँचा वा आवेदनको साथमा मूल्याङ्कित अङ्क (नतिजा) को पुष्ट्याइ हुने प्रमाण वा कागजातहरु अनिवार्य रुपमा संलग्न गरी पेश गर्नुपर्नेछ।

ग) सार्वजनिक गरिएको सूचनाका आधारमा प्राप्त आवेदन फारम एवम् निवेदनहरुलाई यस कार्यविधिमा तोकिएबमोजिमको मापदण्ड अनुसार मूल्याङ्कन गरेर सर्वोउत्कृष्ट अङ्क (नतिजा) प्राप्त गर्ने विद्यालय, विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई छनौट गरी सम्मान तथा पुरस्कारका लागि सिफारिस समितिले गाउँपालिकाको शिक्षा समिति समक्ष पेश गर्नेछ ।

घ) गाउँपालिकाको शिक्षा समितिले छनौट गरेका विद्यालय, प्रधानाध्यापक, शिक्षक, कर्मचारी र विद्यार्थीहरुलाई शिक्षा शाखाले शैक्षिक सम्मान तथा पुरस्कार वितरण कार्यक्रमको आयोजना गर्नेछ ।

## परिच्छेद ५

## विविध

**९. पुरस्कार तथा सम्मानको सङ्ख्या, प्रकार र रकम** : यस कार्यविधिको **अनुसूची (१) र (२)** मा उल्लेखित मापदण्ड एवम् सूचक बमोजिम शिक्षा समितिको निर्णयबाट प्राप्त विवरणको आधारमा उत्कृष्ट विद्यालय, शिक्षक, कर्मचारी र विद्यार्थीहरु छनोट गरी गाउँपालिकाको शिक्षा शाखाले प्रत्येक वर्ष कम्तिमा देहायबमोजिमको संङ्ख्यामा, प्रकार र रकम बराबरको शैक्षिक सम्मान तथा पुरस्कार कार्यक्रम आयोजना गर्नेछ ।

| क स | विवरण | सङ्ख्या | पुरस्कार रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ३ | ५०००० | प्राथमिक तह, आधारभूत तह र माध्यमिक तह बाट १/१ उत्कृष्ट विद्यालय |
| २ | संस्थागत विद्यालय | ३ | ५०००० | प्राथमिक तह, आधारभूत तह र माध्यमिक तह बाट १/१ उत्कृष्ट विद्यालय |
| ३ | प्रधानाध्यापक | ३ | १०००० | प्राथमिक विद्यालय, आधारभूत विद्यालय र माध्यमिक विद्यालय बाट उत्कृष्ट १/१ जना प्रअ |
| ४ | माध्यमिक शिक्षक | ९ | ७००० | समग्र गाउँपालिकामा उत्कृष्ट औसत GPA ल्याउने माध्यमिक तहका विषयगत शिक्षक |
| ५ | आधारभूत /निम्न माध्यमिक शिक्षक | ७ | ७००० | समग्र गाउँपालिकामा उत्कृष्ट औसत GPA ल्याउने निम्न माध्यमिक तहका विषयगत शिक्षक |
| ६ | प्राथमिक शिक्षक | ७ | ७००० | समग्र गाउँपालिकामा उत्कृष्ट औसत GPA ल्याउने प्राथमिक तहका विषयगत शिक्षक |
| ७ | बालविकास शिक्षक | ३ | ६००० | बालविकास शिक्षकहरु मध्येबाट उत्कृष्ट ३ जना |
| ८ | विद्यालय कर्मचारी | ३ | ५००० | विद्यालय कर्मचारीहरुबाट उत्कृष्ट ३ जना |
| ९ | विद्यालय सहयोगी | ३ | ५००० | विद्यालय सहयोगीहरुबाट उत्कृष्ट ३ जना |
| १० | उत्कृट विद्यार्थी | ८ | ८००० देखि १०००० सम्म | पछिल्लो शैक्षिक सत्रको कक्षा ५,८, १० (SEE) वा १२ (NEB) को नतिजामा उच्चतम अङ्क ल्याउने छात्र/छात्रा १/१ जना |

पुनश्च : उत्कृष्ट शिक्षक, कर्मचारी र विद्यार्थी मध्ये अन्तिम क्रमसङ्ख्यामा एक जना भन्दा बढी आवेदकले बराबर अङ्क प्राप्त गरेमा त्यस्तो सबै आवेदकको नामावली प्रकाशन एवम् छनोट गरी पुरस्कार प्रदान गर्न कुनै बाधा पर्ने छैन।

**१०. कार्यक्रम व्यवस्थापन रकमः** प्रचलित कानुन बमोजिम प्रत्येक वर्ष गाउँपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम शीर्षकबाट शैक्षिक सम्मान तथा पुरस्कार कार्यक्रम सञ्चालन र व्यवस्थापनमा खर्च गरिनेछ ।

**११.प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेखित विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१२. संशोधन** कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

## अनुसूची १

**शैक्षिक नतिजाको आधारमा उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी छनौटका आधार तथा मापदण्डहरु**

**(क) गाउँपालिकास्तरीय कक्षा ५ र कक्षा ८ को नतिजामा आधारित**

| क्रस | मापदण्ड | पुरस्कार रकम | प्राप्त गर्ने आधार/प्रक्रिया | विद्यालय |
|---|---|---|---|---|
| १ | कक्षा ५ र कक्षा ८ मा ४.० GPA प्राप्त गर्ने विद्यार्थीलाई प्रति विद्यार्थी | रु ८००० | पालिकास्तरीय कक्षा ५ र ८ को नतिजा | सामुदायिक तथा संस्थागत |
| २ | ४.० GPA प्राप्त गर्ने विद्यार्थीलाई अध्यापन गर्ने सम्बन्धित विद्यालयका शिक्षकलाई प्रति शिक्षक | रु ५००० | विद्यालयको सिफारिस र विद्यार्थी नतिजा | सामुदायिक |
| ३ | गाउँपालिकामा ५ र कक्षा ८ मा उच्चतम तथा उत्कृष्ट अङ्क GPA ल्याउने १ जना छात्र र १ जना छात्रालाई प्रति विद्यार्थी | रु ६००० | पालिकास्तरीय कक्षा ५ र ८ को नतिजा | सामुदायिक तथा संस्थागत |
| ४ | कम्तिमा १५ देखि ३५ जनासम्म विद्यार्थी सहभागी गराइ शतप्रतिशत १००% नतिजा ल्याउने विद्यालयका प्रत्येक शिक्षक | रु ५००० | विद्यालयको सिफारिस र विद्यार्थी नतिजा | सामुदायिक |
| ५ | कम्तिमा १५ देखि ३५ जनासम्म विद्यार्थी सहभागी गराइ ८५% वा सोभन्दा बढी नतिजा ल्याउने विद्यालयका प्रत्येक शिक्षक | रु ४००० | विद्यालयको सिफारिस र विद्यार्थी नतिजा | सामुदायिक |
| ६ | कम्तिमा ३५ देखि ७० जनासम्म विद्यार्थी सहभागी गराइ शतप्रतिशत १००% नतिजा ल्याउने विद्यालयका प्रत्येक शिक्षक | रु ६००० | विद्यालयको सिफारिस र विद्यार्थी नतिजा | सामुदायिक |
| ७ | कम्तिमा ३५ देखि ७० जनासम्म विद्यार्थी सहभागी गराइ ८५% वा सोभन्दा बढी नतिजा ल्याउने विद्यालयका प्रत्येक शिक्षक | रु ५००० | विद्यालयको सिफारिस र विद्यार्थी नतिजा | सामुदायिक |
| ८ | ७० जनाभन्दा बढी विद्यार्थी सहभागी गराइ शतप्रतिशत १००% नतिजा ल्याउने विद्यालयका प्रत्येक शिक्षक | रु ७००० | विद्यालयको सिफारिस र विद्यार्थी नतिजा | सामुदायिक |
| ९ | ७० जनाभन्दा बढी विद्यार्थी सहभागी गराइ ८५% वा सोभन्दा बढी नतिजा ल्याउने विद्यालयका प्रत्येक शिक्षक | रु ६००० | विद्यालयको सिफारिस र विद्यार्थी नतिजा | सामुदायिक |
| १० | गाउँपालिकामा कक्षा ५ र कक्षा ८ मा उच्चतम नतिजा ल्याउने विद्यालय लाई प्रति विद्यालय | रु ५०००० | पालिकास्तरीय कक्षा ५ र ८ को नतिजा | सामुदायिक तथा संस्थागत |

| | | | | |
|---|---|---|---|---|
| | (न्यूनतम प्रतिकक्षा १५ जना विद्यार्थी अनिवार्य सहभागी गराएको हुनुपर्ने) | | | |

## (ख)कक्षा १२ (NEB) र कक्षा १० (SEE) को नतिजामा आधारित

| क्रस | मापदण्ड | पुरस्कार रकम | प्राप्त गर्ने आधार/प्रकिया | विद्यालय |
|---|---|---|---|---|
| १ | कक्षा १० र कक्षा १२ मा ४.० GPA प्राप्त गर्ने विद्यार्थीलाई प्रति विद्यार्थी | रु १०००० | कक्षा १२(NEB) र कक्षा १० (SEE) को नतिजा | सामुदायिक तथा संस्थागत |
| २ | ४.० GPA प्राप्त गर्ने विद्यार्थीलाई अध्यापन गर्ने सम्बन्धित विद्यालयका शिक्षकलाई प्रति शिक्षक | रु ५००० | विद्यालयको सिफारिस र विद्यार्थी नतिजा | सामुदायिक |
| ३ | गाउँपालिकामा १० र कक्षा १२ मा उच्चतम तथा उत्कृष्ट अङ्क/GPA ल्याउने १ जना छात्र र १ जना छात्रालाई प्रति विद्यार्थी | रु ८००० | कक्षा १२ र कक्षा १०को विद्यार्थी नतिजा | सामुदायिक तथा संस्थागत |
| ४ | कम्तिमा २० देखि ४० जनासम्म विद्यार्थी सहभागी गराइ शतप्रतिशत १००% नतिजा ल्याउने विद्यालयका प्रत्येक शिक्षक | रु ५००० | विद्यालयको सिफारिस र विद्यार्थी नतिजा | सामुदायिक |
| ५ | कम्तिमा २० देखि ४० जनासम्म विद्यार्थी सहभागी गराइ ८०% वा सोभन्दा बढी नतिजा ल्याउने विद्यालयका प्रत्येक शिक्षक | रु ४००० | विद्यालयको सिफारिस र विद्यार्थी नतिजा | सामुदायिक |
| ६ | कम्तिमा ४० देखि ८० जनासम्म विद्यार्थी सहभागी गराइ शतप्रतिशत १००% नतिजा ल्याउने विद्यालयका प्रत्येक शिक्षक | रु ६००० | विद्यालयको सिफारिस र विद्यार्थी नतिजा | सामुदायिक |
| ७ | कम्तिमा ४० देखि ८० जनासम्म विद्यार्थी सहभागी गराइ ८०% वा सोभन्दा बढी नतिजा ल्याउने विद्यालयका प्रत्येक शिक्षक | रु ५००० | विद्यालयको सिफारिस र विद्यार्थी नतिजा | सामुदायिक |
| ८ | ८० जना भन्दा बढी विद्यार्थी सहभागी गराइ शतप्रतिशत १००% नतिजा ल्याउने विद्यालयका प्रत्येक शिक्षक | रु ७००० | विद्यालयको सिफारिस र विद्यार्थी नतिजा | सामुदायिक |
| ९ | ८० जना भन्दा बढी विद्यार्थी सहभागी गराइ ८०% वा सोभन्दा बढी नतिजा ल्याउने विद्यालयका प्रत्येक शिक्षक | रु ६००० | विद्यालयको सिफारिस र विद्यार्थी नतिजा | सामुदायिक |
| १० | गाउँपालिकामा कक्षा १० र कक्षा १२ मा उच्चतम नतिजा ल्याउने विद्यालयलाई प्रति विद्यालय (न्यूनतम प्रतिकक्षा २० जना विद्यार्थी अनिवार्य सहभागी गराएको हुनुपर्ने) | रु ५०००० | कक्षा १२(NEB) र कक्षा १० (SEE) को नतिजा | सामुदायिक तथा संस्थागत |

**(ग)**पुनश्चः एउटै विद्यालयको विद्यार्थीहरुले कक्षा ५ र ८ दुवै कक्षाको उत्कृष्ट नतिजा हासिल गरेको खण्डमा सो विद्यालयले एकमुष्ठ रु ७५,००० पुरस्कार पाउनेछ। त्यसैगरी एउटै विद्यालयको विद्यार्थीहरुले कक्षा १० र १२ दुवै कक्षाको उत्कृष्ट नतिजा हासिल गरेको खण्डमा सो विद्यालयले एकमुष्ठ रु ७५,००० पुरस्कार पाउनेछ । यदि एउटै विद्यालयको विद्यार्थीहरुले आधारभूत तह कक्षा ५, ८ र माध्यमिक तहको कक्षा १० वा १२ मध्ये कुनै एक गरी तिन वटै कक्षाको उत्कृष्ट नतिजा हासिल गरेको खण्डमा सो विद्यालयले एकमुष्ठ रु १,००,००० पुरस्कार रकम र सम्मानपत्र पाउनेछ।

# अनुसूची २

## समग्र सूचकको आधारमा उत्कृष्ट विद्यालय, शिक्षक तथा कर्मचारी छनौटका आधार तथा मापदण्डहरु

### (क)उत्कृष्ट सामुदायिक विद्यालय छनौट आधार तथा मापदण्डहरु

| क स | सूचक /मापदण्ड | मूल्याङकनको आधार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | शिक्षक दरबन्दी | शिक्षा नियमावली, २०५९ को अनुसूची १२ अनुसार बालविकासबाहेक विद्यालयमा न्यूनतम शिक्षक दरबन्दी कायम रहेको भए ५ अङ्क, शिक्षा नियमावली बमोजिम शिक्षक दरबन्दी अपुग भएमा ४ अङ्क (गाउँपालिकाको स्थानीय दरबन्दीको शिक्षकसमेत गणना हुने) | ५ |
| २ | विद्यार्थी सिकाइ उपलब्धी | विद्यालयको पछिल्लो शैक्षिक सत्रको सिकाइ उपलब्धी ७० प्रतिशत भन्दामाथि भए ५० अङ्क, ६० प्रतिशतदेखि ७० प्रतिशतसम्म भए ४५ अङ्क, ५० प्रतिशतदेखि ६० प्रतिशतभन्दा कम भए ४० अङ्क र ५० प्रतिशतभन्दा कम भए ३० अङ्क ( प्राथमिक तहको लागि कक्षा ५, आधारभूत तहको लागि कक्षा ८ र माध्यमिक तहको लागि कक्षा १० वा १२ मध्येको उच्चतम उत्तीर्ण प्रतिशतलाई आधार लिइने) | ५० |
| ३ | प्रधानाध्यापकको योग्यता | सम्बन्धित तहको योग्यता भएको शिक्षक प्रधानाध्यापक भए ५ अङ्क, तल्लो तहको स्थायी शिक्षक प्रधानाध्यापक भए ४ अङ्क,सम्बन्धित वा तल्लो तहको अस्थायी वा राहत शिक्षक प्रधानाध्यापक भए ३ अङ्क र अन्य शिक्षक प्रधानाध्यापक भए २ अङ्क | ५ |
| ४ | विद्यार्थी सङ्ख्या | माध्यमिक विद्यालयको हकमा विद्यार्थी सङ्ख्या १००० भन्दा माथि भए ५ अङ्क, ५०० देखि ७०० सम्म भए ४ अङ्क,र ५०० भन्दा कम भए ३ अङ्क<br>आधारभूत विद्यालय कक्षा ८ सम्म सञ्चालन भएको हकमा विद्यार्थी सङ्ख्या ५०० भन्दा माथि भए ५ अङ्क, २०० देखि ५०० सम्म भए ४ अङ्क,र २०० भन्दा कम भए ३ अङ्क<br>आधारभूत विद्यालय कक्षा ५ सम्म सञ्चालन भएको हकमा विद्यार्थी सङ्ख्या २५० भन्दा माथि भए ५ अङ्क, १०० देखि २५० सम्म भए ४ अङ्क,र १०० भन्दा कम भए ३ अङ्क | ५ |
| ५ | कक्षाकोठा सङ्ख्या | विद्यालयको कक्षासङ्ख्या अनुसार कक्षाकोठाको व्यवस्था भए ५ अङ्क,सो अनुसार कक्षाकोठा नभए २ अङ्क | ५ |
| ६ | विद्यालयको भौतिक सुविधा | शौचालय, खानेपानी, खेलमैदान, घेराबार, कार्यालय कक्ष भएको भए १० अङ्क,नभएको भए जुन भौतिक सुविधा नभएको हो त्यसको १ अङ्कका दरले घटाउँदा बाँकी भएको अङ्क | १० |
| ७ | नवप्रवर्द्धनात्मक कार्य | विद्यालयले शिक्षण सिकाइसँग सम्बन्धित नवप्रवर्द्धनात्मक कार्य गरेको भए १५ अङ्क (प्रति नवप्रवर्द्धनात्मक कार्य वापत ५ अङ्क ) र नवप्रवर्द्धनात्मक कार्य नगरेको भए ० अङ्क | १५ |
| ८ | विद्यालय सञ्चालन तथा व्यवस्थापकीय पक्ष | कार्यालयले माग गरेको विवरण समयमा उपलब्ध गराउने गरेको /नगरेको, विद्यालय व्यवस्थापन समितिको गठन भएको/ नभएको, लेखा परीक्षण भएको /नभएको, शिक्षक कर्मचारीहरुको तलब बैङ्कबाट भुक्तानी गरेको /नगरेको, गाउँपालिकाबाट जारी सूचना बमोजिम विद्यालयले गर्नुपर्ने कार्यहरु समयमै सम्पादन गर्ने गरेको/नगरेको जस्ता सूचकका आधारमा शिक्षा शाखाको समग्र मूल्याङकनबाट प्राप्ताङ्क बमोजिम अधिकतम ५ अङ्क | ५ |
| | | जम्मा | १०० |

## (ख)उत्कृष्ट संस्थागत विद्यालय छनौट आधार तथा मापदण्डहरु

| क स | सूचक /मापदण्ड | मूल्याङकनको आधार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | विद्यालयको वर्गीकरण | विद्यालयको वर्गीकरण भएको अवस्थामा 'क' वर्गको विद्यालय भए १० अङ्क,'ख' वर्गको विद्यालय भए ८ अङ्क,'ग' वर्गको विद्यालय भए ६अङ्क 'घ' वर्गको विद्यालय भए ४ अङ्क,र वर्गीकरण नभएको विद्यालयको हकमा २ अङ्क | १० |
| २ | विद्यार्थी सिकाइ उपलब्धी | विद्यालयको पछिल्लो शैक्षिक सत्रको सिकाइ उपलब्धी ७० प्रतिशत भन्दामाथि भए ४५ अङ्क, ६० प्रतिशतदेखि ७० प्रतिशतसम्म भए ४० अङ्क, ५० प्रतिशतदेखि ६० प्रतिशतभन्दा कम भए ३५ अङ्क र ५० प्रतिशितभन्दा कम भए २५ अङ्क ( प्राथमिक तहको लागि कक्षा ५, आधारभूत तहको लागि कक्षा ८ र माध्यमिक तहको लागि कक्षा १० वा १२ मध्येको उच्चतम उत्तीर्ण प्रतिशतलाई आधार लिइने) | ४५ |
| ३ | व्यवसाय नवीकरण | गाउँपालिकामा संस्था/व्यवसाय दर्ता गराई निरन्तर रुपमा व्यवसाय कर तिरिरहेको भए ५ अङ्क, व्यवसाय दर्ता गरी नविकरण नगरेको भए ४ अङ्क र व्यवसाय दर्ता नगरेको भए ० अङ्क | ५ |
| ४ | विद्यार्थी सङ्ख्या | विद्यालयमा शिक्षा नियमावली,२०५९ को अनुसूची ३ अनुसार सम्पुर्ण कक्षामा अधिकतम विद्यार्थी सङ्ख्या भए ५ अङ्क, कक्षागत रुपमा औसत विद्यार्थी भए ४ अङ्क र न्यूनतम सङ्ख्या वा सो भन्दा कम भए ३ अङ्क | ५ |
| ५ | शिक्षक दरबन्दी | शिक्षा नियमावली,२०५९ को अनूसुची १२ बमोजिम दरबन्दी सङ्ख्या वा सो भन्दा बढी सङ्ख्यामा सम्पूर्ण योग्यता पुगेका शिक्षक कार्यरत रहेको भए ५ अङ्क, दरबन्दी सङ्ख्या भएतापनि कार्यरत सबै शिक्षकको सम्बन्धित तहको लागि योग्यता नपुगेको भए ३ अङ्क, शिक्षक दरबन्दी अपुग भएको र शिक्षकको योग्यतासमेत नपुगेको अवस्था भए १ अङ्क | ५ |
| ६ | जनशक्तिको पारिश्रमिक | विद्यालयले शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको तलबस्केल तथा पारिश्रमिक भुक्तानी गर्ने गरेको भए १० अङ्क, नगरेको भए ५ अङ्क | १० |
| ७ | नवप्रवर्द्धनात्मक कार्य | विद्यालयले शिक्षण सिकाइसँग सम्बन्धित नवप्रवर्द्धनात्मक कार्य गरेको भए १५ अङ्क (प्रति नवप्रवर्द्धनात्मक कार्य वापत ५ अङ्क ) र नवप्रवर्द्धनात्मक कार्य नगरेको भए ० अङ्क | १५ |
| ८ | विद्यालय सञ्चालन तथा व्यवस्थापकीय पक्ष | कार्यालयले माग गरेको विवरण समयमा उपलब्ध गराउने गरेको /नगरेको,विद्यालय व्यवस्थापन समितिको गठन भएको/ नभएको,लेखा परीक्षण भएको /नभएको,शिक्षक कर्मचारीहरुको तलब बैङ्कबाट भुक्तानी गरेको /नगरेको, गाउँपालिकाबाट जारी सूचना बमोजिम विद्यालयले गर्नुपर्ने कार्यहरु समयमै सम्पादन गर्ने गरेको/नगरेको जस्ता सूचकका आधारमा शिक्षा शाखाको समग्र मूल्याङकनबाट प्राप्ताङ्क बमोजिम अधिकतम ५ अङ्क | ५ |
| | | जम्मा | १०० |

## (ग)उत्कृष्ट प्रधानाध्यापक छनौट आधार तथा मापदण्डहरु

| क स | सूचक /मापदण्ड | मूल्याङकनको आधार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | सम्बन्धित तहको प्रधानाध्यापकको माथिल्लो शैक्षिक योग्यता भए ५ अङ्क र न्यूनतम शैक्षिक योग्यता मात्र भए ३ अङ्क | ५ |

| | | | |
|---|---|---|---|
| २ | विद्यालयको सिकाइ उपलब्धी | विद्यालयको पछिल्लो शैक्षिक सत्रको सिकाइ उपलब्धी वा विद्यार्थी उत्तीर्ण प्रतिशत ७०प्रतिशित भन्दा बढी भए ३० अङ्क, ६० देखि ७० प्रतिशतसम्म भए २५ अङ्क, ५० देखि ६० प्रतिशतभन्दा कम भए २० अङ्क र ५० प्रतिशत भन्दा कम भए १० अङ्क (प्रधानाध्यापक प्राथमिक विद्यालयको भए कक्षा ५, आधारभूत विद्यालयको भए कक्षा ५ वा ८ र माध्यमिक विद्यालयको भए कक्षा ५,८,१० वा १२ मध्ये एकको उच्चतम उत्तीर्ण प्रतिशतलाई आधार लिइने) | ३० |
| ३ | प्रधानाध्यापक तालिम | प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम लिएको भए ५ अङ्क,तालिम नलिएको भए ३ अङ्क | ५ |
| ४ | प्रधानाध्यापक हाजिरी तथा नियमितता | पछिल्लो शैक्षिक सत्रमा विद्यालयमा प्रधानाध्यापकको वार्षिक हाजिरी दिन ९५ प्रतिशतभन्दा बढी भए २० अङ्क, ७५ देखि ९५ प्रतिशतसम्म भए १५ अङ्क, ५० देखि ७५ प्रतिशतभन्दा कम भए १० अङ्क र ५० प्रतिशतभन्दा कम भए ० अङ्क | २० |
| ५ | विद्यार्थी सिकाइ उपलब्धी | पछिल्लो शैक्षिक सत्रको आफूले अध्यापन गर्ने विषयको कक्षा ५, ८ वा १०को विद्यार्थी सिकाइ उपलब्धी ७० प्रतिशतभन्दा बढी भए १५ अङ्क, ५० देखि ७० प्रतिशतसम्म भए १० अङ्क, ५० प्रतिशतभन्दा कम भए ५ अङ्क (कुनै प्रधानाध्यापकले कुनै पनि विषय अध्यापन नगरेको खण्डमा अङ्क पाउने छैन ) | १५ |
| ६ | सूचना प्रविधी ICT को प्रयोग | सूचना प्रविधीको (ICT) ज्ञान भएको र सोको प्रयोग गर्ने गरेको भए ५ अङ्क, सूचना प्रविधीको ज्ञान भएता पनि प्रयोग नगरेको भए ३ अङ्क र सूचना प्रविधीको ज्ञान र प्रयोग गर्ने सिप दुवै नभएको भए २ अङ्क | ५ |
| ७ | विद्यालय विकास प्रस्ताव/कार्ययोजना | विद्यालय विकास प्रस्ताव वा वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन गरेको भए १५ अङ्क, तयार गरेको तर कार्यान्वयन नगरेको भए १० अङ्क,कार्ययोजना तयार नै नगरेको भए ० अङ्क | १५ |
| ८ | विद्यालयको प्रशासनिक तथा व्यवस्थापकीय पक्ष | कार्यालयले माग गरेको विवरण समयमा उपलब्ध गराउने गरेको /नगरेको,विद्यालय व्यवस्थापन समितिको गठन भएको/ नभएको,लेखा परीक्षण भएको /नभएको,शिक्षक कर्मचारीहरुको तलब बैङ्कबाट भुक्तानी गरेको /नगरेको, गाउँपालिकाबाट जारी सूचना बमोजिम विद्यालयले गर्नुपर्ने कार्यहरु समयमै सम्पादन गर्ने गरेको/नगरेको जस्ता सूचकका आधारमा शिक्षा शाखाको समग्र मूल्याङकनबाट प्राप्ताङ्क बमोजिम अधिकतम ५ अङ्क | ५ |
| | | जम्मा | १०० |

**(ग)उत्कृष्ट शिक्षक छनौट आधार तथा मापदण्डहरु (सबै तहका लागि)**

| क स | सूचक /मापदण्ड | मूल्याङकनको आधार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | सम्बन्धित तहको शिक्षकको लागि माथिल्लो शैक्षिक योग्यता भए ५ अङ्क र न्यूनतम शैक्षिक योग्यता मात्र भए ३ अङ्क | ५ |
| २ | विद्यार्थी सिकाइ उपलब्धी | सम्बन्धित तहको नियुक्ति पत्र अनुसार आफूले अध्यापन गर्ने विषयको पछिल्लो शैक्षिक सत्रको विद्यार्थी सिकाइ उपलब्धी ७० प्रतिशतभन्दा बढी भए ३५ अङ्क,६० देखि ७० प्रतिशतसम्म भए ३० अङ्क, ५० देखि ६० प्रतिशतभन्दा कम भए २५ अङ्क र ५० प्रतिशतभन्दा कम भए १५ अङ्क (शिक्षक प्राथमिक तहको भए कक्षा ५, आधारभूत तहको भए कक्षा ८ र माध्यमिक तहको भए कक्षा १० वा १२ मध्येको कुनै एक बिषयको उच्चतम उत्तीर्ण प्रतिशतलाई आधार लिइने) | ३५ |

| | | | |
|---|---|---|---|
| ३ | कार्य अनुभव | सम्बन्धित तहमा सेवा गरेको कार्य अनुभवको आधारमा ५ वर्ष भन्दा बढी सेवा अवधी भए ५अङ्क, ५ वर्षसम्मको भए ४ अङ्क र सोभन्दा कम भए ३ अङ्क | ५ |
| ४ | शिक्षक हाजिरी तथा नियमितता | पछिल्लो शैक्षिक सत्रमा विद्यालयमा सम्बन्धित शिक्षकको वार्षिक हाजिरी दिन ९५ प्रतिशतभन्दा बढी भए २० अङ्क, ७५ देखि ९५ प्रतिशतसम्म भए १५ अङ्क, ५० देखि ७५ प्रतिशतभन्दा कम भए १० अङ्क र ५० प्रतिशतभन्दा कम भए ० अङ्क | २० |
| ५ | अध्यापन गरेको पिरियड | शिक्षा नियमावलीको नियम ८४ को उपनियम(६)मा तोकिएको पिरियडभन्दा बढी अध्यापन गरेको भए १० अङ्क,तोकिएको पिरियड मात्र अध्यापन गरेको भए ८ अङ्क,तोकिएभन्दा कम पिरियड अध्यापन गरेको भए ४ अङ्क | १० |
| ६ | विशेष जिम्मेवारी | शिक्षकले शैक्षिक सत्रभरी विद्यालयमा विशेष जिम्मेवारी लिएको भए ५ अङ्क र शैक्षिक सत्रको बिचमा वा अन्त्यतिर आंशिक रुपमा जिम्मेवारी वहन गरेको भए ३ अङ्क र कुनै पनि जिम्मेवारी नलिएको भए ० अङ्क | ५ |
| ७ | खाली पिरियड व्यवस्थापन | वार्षिक रुपमा कम्तिमा ३० ओटासम्म अतिरिक्त खाली पिरियड(अवसर घण्टी) अध्यापन गरेको भए ५अङ्क, २५ ओटासम्म अतिरिक्त खाली पिरियड अध्यापन गरेको भए ४ अङ्क र २० ओटासम्म अतिरिक्त खाली पिरियड अध्यापन गरेको भए ३ अङ्क | ५ |
| ८ | कक्षामा बिताउने समय | वार्षिक औसतमा तोकिएको पाठ्यघण्टा अनुरुपको शिक्षकले पुरै समय कक्षाकोठामा बिताएमा ५ अङ्क र पुरै समय कक्षाकोठामा नबिताएमा २ अङ्क | ५ |
| ९ | प्रधानाध्यापकको मूल्याङ्कन | विद्यालयका प्रधानाध्यापकको समग्र मूल्याङ्कनबाट उत्तम भए ५ अङ्क,मध्यम भए ४ अङ्क र सामान्य भए ३ अङ्क | ५ |
| १० | सूचना प्रविधी ICT को प्रयोग | सूचना प्रविधीको (ICT) ज्ञान भएको र सोको शिक्षण सिकाइमा प्रयोग गर्ने गरेको भए ५ अङ्क, सूचना प्रविधीको ज्ञान भएता पनि शिक्षण सिकाइमा प्रयोग नगरेको भए ३ अङ्क र सूचना प्रविधीको ज्ञान र सिप दुवै नभएको भए २ अङ्क | ५ |
| | | जम्मा | १०० |

**)घ(उत्कृष्ट बालविकास शिक्षक छनौट आधार तथा मापदण्डहरु**

| क स | सूचक /मापदण्ड | मूल्याङकनको आधार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | बालविकास शिक्षकको लागि कक्षा १२ भन्दा माथिल्लो शैक्षिक योग्यता भए ५ अङ्क र न्यूनतम शैक्षिक योग्यता मात्र भए ३ अङ्क (न्यूनतम योग्यता कक्षा १२ उतिर्ण वा सो सरह लाइ आधार लिइने) | ५ |
| २ | कक्षाकोठा व्यवस्थापन | बालविकास शिक्षकले कक्षाकोठा व्यवस्थापनमा उत्कृष्ट कार्य गरेको भए २० अङ्क र कक्षाकोठा व्यवस्थापन सन्तोषजनक भए १५ अङ्क र सुधार गर्नुपर्ने सामान्य खालको भए ५ अङ्क (बालमैत्री कक्षाकोठा ब्यवस्थापन अन्तर्गत न्युनतम छापामय कक्षाकोठा, शैक्षिक सामाग्रीको निर्माण, सजावट र त्यस्को कक्षामा प्रयोग,खेलौना सामग्रीको उपयोग,कक्षाकोठाको सरसफाइ र मनोरञ्जनात्मक सिकाइ वातारण भएको हुनुपर्ने) | २० |
| ३ | कार्य अनुभव | सम्बन्धित पदमा अविछिन्न सेवा गरेको कार्यअनुभवको आधारमा प्रति वर्ष १ अङ्कको दरले अधिकतम १० अङ्क | १० |

| | | | |
|---|---|---|---|
| ४ | शिक्षक हाजिरी तथा नियमितता | पछिल्लो शैक्षिक सत्रमा विद्यालयमा बालविकास शिक्षकको वार्षिक हाजिरी दिन ९५ प्रतिशतभन्दा बढी भए २० अङ्क, ७५ देखि ९५ प्रतिशतसम्म भए १५ अङ्क, ५० देखि ७५ प्रतिशतभन्दा कम भए १० अङ्क र ५० प्रतिशतभन्दा कम भए ० अङ्क | २० |
| ५ | आधारभूत ECD तालिम | बालविकास शिक्षकले कम्तिमा ९० घण्टाको आधारभूत तालिम वा वालविकास शिक्षा तथा मन्टेश्वरी सम्बन्धी तालिम लिएको भए ५अङ्क,तालिम नलिएको भए २ अङ्क | ५ |
| ६ | विशेष जिम्मेवारी | बालविकास शिक्षकले विद्यालयमा विशेष जिम्मेवारी लिएको भए ५ अङ्क र नलिएको भए ३ अङ्क | ५ |
| ७ | अतिरिक्त कक्षा व्यवस्थापन | बालविकास कक्षा बाहेक विद्यालयमा थप माथिल्लो वा अतिरिक्त २ पिरियड कक्षा अध्यापन गरेको भए १० अङ्क र अतिरिक्त कक्षा १ पिरियड अध्यापन गरेको भए ५अङ्क र अतिरिक्त कक्षा अध्यापन नगरेको भए ० अङ्क | १० |
| ८ | प्रधानाध्यापकको मूल्याङ्कन | विद्यालयका प्रधानाध्यापकको समग्र मूल्याङ्कनबाट उत्तम भए १५ अङ्क,मध्यम भए १० अङ्क र सामान्य भए ५ अङ्क | १५ |
| ९ | ICT सम्बन्धी आधारभूत ज्ञान र सिप | ICT सम्बन्धी आधारभूत ज्ञान र सिपअनुसार कक्षामा ICT सामग्रीको प्रयोग गर्ने गरेको भए १० अङ्क, ICT को उपलब्धता भएता पनि कक्षामा प्रयोग नगरेको भए ५ अङ्क र सूचना प्रविधीको आधारभूत ज्ञान र सिपसमेत नभएको भए ३ अङ्क | १० |
| | | जम्मा | १०० |

**)ङ( उत्कृष्ट विद्यालय कर्मचारी छनौट आधार तथा मापदण्डहरु**

| क्र स | सूचक /मापदण्ड | मूल्याङकनको आधार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | सम्बन्धित कर्मचारी पदको लागि माथिल्लो शैक्षिक योग्यता भए ५ अङ्क र न्यूनतम शैक्षिक योग्यता मात्र भए ३ अङ्क | ५ |
| २ | कर्मचारी हाजिरी तथा नियमितता | पछिल्लो शैक्षिक सत्रमा विद्यालयमा कर्मचारीको वार्षिक हाजिरी दिन ९५ प्रतिशतभन्दा बढी भए २० अङ्क, ७५ देखि ९५ प्रतिशतसम्म भए १५ अङ्क, ५० देखि ७५ प्रतिशतभन्दा कम भए १० अङ्क र ५० प्रतिशतभन्दा कम भए ० अङ्क | २० |
| ३ | कार्य अनुभव | सम्बन्धित पदमा अविछिन्न सेवा गरेको कार्य अनुभवको आधारमा प्रति वर्ष १ अङ्कको दरले अधिकतम १० अङ्क | १० |
| ४ | प्रधानाध्यापकको मूल्याङ्कन | विद्यालयमा सम्बन्धित कर्मचारीले पालना गर्ने गरेको आचारसंहिता, आज्ञाकारिता, इमानदारिता, जिम्मेवारीबोध र कर्तव्यनिष्ठताको आधारमा प्रधानाध्यापकले गरेको समग्र मूल्याङकनबाट प्राप्ताङ्क बमोजिम उत्कृष्ट भए ४० अङ्क सन्तोषजनक भए ३५ अङ्क र सामान्य भए ३० अङ्क | ४० |
| ५ | सूचना प्रविधी ICT को प्रयोग | सूचना प्रविधीको (ICT) ज्ञान भएको र सोको प्रयोग गर्ने गरेको भए १० अङ्क, सूचना प्रविधीको ज्ञान भएता पनि प्रयोग नगरेको भए ५ अङ्क र सूचना प्रविधीको ज्ञान नभएको भए ० अङ्क | १० |
| ६ | कार्यसम्पादन अवस्था | विद्यालय कर्मचारीले विद्यालयमा नियमित गर्नुपर्ने कार्यहरु समयमै कार्यसम्पन्न गरी उत्तम भए १५ अङ्क,समयमै कार्यसम्पन्न गरेता पनि कार्य सम्पादन मध्यम भए १० अङ्क र समयमै कार्यसम्पादन गर्न नसकेको सामान्य अवस्था भए ५ अङ्क | १५ |
| | | जम्मा | १०० |

**)च( उत्कृष्ट विद्यालय सहयोगी छनौट आधार तथा मापदण्डहरु**

| क स | सूचक /मापदण्ड | मूल्याङकनको आधार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | विद्यालय सहयोगी कर्मचारीको लागि माथिल्लो शैक्षिक योग्यता भए ५ अङ्क र न्युनतम शैक्षिक योग्यता मात्र भए ३ अङ्क (न्यूनतम योग्यता SEE/SLC लाइ आधार लिइने) | ५ |
| २ | कर्मचारी हाजिरी तथा नियमितता | पछिल्लो शैक्षिक सत्रमा विद्यालय सहयोगीको वार्षिक हाजिरी दिन ९५ प्रतिशतभन्दा बढी भए २० अङ्क, ७५ देखि ९५ प्रतिशतसम्म भए १५ अङ्क, ५० देखि ७५ प्रतिशतभन्दा कम भए १० अङ्क र ५० प्रतिशतभन्दा कम भए ० अङ्क | २० |
| ३ | कार्य अनुभव | सम्बन्धित पदमा अविछिन्न सेवा गरेको कार्य अनुभवको आधारमा प्रति वर्ष १ अङ्कको दरले अधिकतम १० अङ्क | १० |
| ४ | प्रधानाध्यापकको मूल्याङ्कन | विद्यालय सहयोगीले पालना गर्ने गरेको आचारसंहिता, आज्ञाकारिता, इमानदारिता, जिम्मेवारीबोध र कर्तव्यनिष्ठताको आधारमा प्रधानाध्यापकले गरेको समग्र मूल्याङकनबाट प्राप्ताङ्क बमोजिम उत्कृष्ट भए ४० अङ्क सन्तोषजनक भए ३५ अङ्क र सामान्य भए ३० अङ्क | ४० |
| ५ | अतिरिक्त जिम्मेवारी | विद्यालयको अतिरिक्त जिम्मेवारी पूर्ण रुपमा वहन गरेको भए १० अङ्क, आंशिक रुपमा वहन गरेको भए ५ अङ्क, र कुनैपनि अतिरिक्त जिम्मेवारी वहन नगरेको भए ० अङ्क | १० |
| ६ | कार्यसम्पादन अवस्था | विद्यालय सहयोगीले नियमित गर्नुपर्ने कार्यहरु समयमै कार्यसम्पन्न गरी उत्तम भए १५ अङ्क, समयमै कार्यसम्पन्न गरेता पनि कार्य सम्पादन मध्यम भए १० अङ्क र समयमै कार्यसम्पादन गर्न नसकेको सामान्य अवस्था भए ५ अङ्क | १५ |
| | | जम्मा | १०० |

**पुनश्चः** शिक्षक तथा विद्यालय कर्मचारी हाजिरी तथा नियमितताको सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ (संशोधन सहित) ले व्यवस्था गरेको एक शैक्षिकसत्र अवधिभरमा विद्यालयमा पठनपाठन हुने दिन लाइ आधार बनाइ विद्यालय सञ्चालन भएको दिन अनुसार सम्बन्धित शिक्षक तथा कर्मचारीको विद्यालयमा उपस्थित भएको दिनको हाजिरी प्रतिशत गणना गरिनेछ।

## अनुसूची ३

## मूल्याङ्कन आवेदन फारम ढाँचा

## सामुदायिक विद्यालय मूल्याङ्कन फारम ढाँचा

विद्यालयको नाम र ठेगाना: मिति:

प्रधानाध्यापकको नाम थर: IEMIS Code:

सञ्चालन भएको तह र कक्षा : शैक्षिक सत्र:

| क्र स | मापदण्ड/आधार | पूर्णाङ्क | विद्यमान अवस्था/विवरण | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिक्षक दरबन्दी | ५ | | | |
| २ | विद्यार्थी सिकाइ उपलब्धी | ५० | | | |
| | कक्षा ५ को उत्तीर्ण प्रतिशत | | | | |
| | कक्षा ८ को उत्तीर्ण प्रतिशत | | | | |
| | कक्षा १० को उत्तीर्ण प्रतिशत | | | | |
| | कक्षा १२ को उत्तीर्ण प्रतिशत | | | | |
| ३ | प्रधानाध्यापकको योग्यता | ५ | | | |
| ३ | विद्यार्थी सङ्ख्या | ५ | | | |
| ४ | कक्षाकोठा सङ्ख्या | ५ | | | |
| ५ | विद्यालयको भौतिक सुविधा | १० | | | |
| ६ | नवप्रवर्द्धनात्मक कार्य | १५ | | | |
| ७ | विद्यालय सञ्चालन तथा व्यवस्थापकीय पक्ष | ५ | | | |
| | जम्मा | १०० | | | |

.............. ..............

पेश/तयार गर्ने प्रमाणित गर्ने

## संस्थागत विद्यालय मूल्याङ्कन फारम ढाँचा

विद्यालयको नाम र ठेगाना: मिति:

प्रधानाध्यापकको नाम थर: IEMIS Code:

सञ्चालन भएको तह र कक्षा : शैक्षिक सत्र:

| क्र स | मापदण्ड/आधार | पूर्णाङ्क | विद्यमान अवस्था/विवरण | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यालयको वर्गीकरण | १० | | | |
| २ | विद्यार्थी सिकाइ उपलब्धी | ४५ | | | |
| | कक्षा ५ को उत्तीर्ण प्रतिशत | | | | |
| | कक्षा ८ को उत्तीर्ण प्रतिशत | | | | |
| | कक्षा १० को उत्तीर्ण प्रतिशत | | | | |
| | कक्षा १२ को उत्तीर्ण प्रतिशत | | | | |
| ३ | व्यवसाय नवीकरण | ५ | | | |
| ४ | विद्यार्थी सङ्ख्या | ५ | | | |
| ५ | शिक्षक दरवन्दी | ५ | | | |
| ६ | जनशक्तिको पारिश्रमिक | १० | | | |
| ७ | नवप्रवर्द्धनात्मक कार्य | १५ | | | |
| ८ | विद्यालय सञ्चालन तथा व्यवस्थापकीय पक्ष | ५ | | | |
| | जम्मा | १०० | | | |

.............. ..............

पेश/तयार गर्ने प्रमाणित गर्ने

## प्रधानाध्यापक मूल्याङ्कन फारम ढाँचा

विद्यालयको नाम र ठेगाना: मिति:

प्रधानाध्यापकको नाम थर:		तह र श्रेणी:

अध्यापन गरेको कक्षा र विषय :		शैक्षिक सत्र:

| क स | मापदण्ड/आधार | पूर्णाङ्क | विद्यमान अवस्था/विवरण | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | ५ | | | |
| २ | विद्यालयको विद्यार्थी सिकाइ उपलब्धी | ३० | | | |
| | कक्षा ५ को उत्तीर्ण प्रतिशत | | | | |
| | कक्षा ८ को उत्तीर्ण प्रतिशत | | | | |
| | कक्षा १० को उत्तीर्ण प्रतिशत | | | | |
| | कक्षा १२ को उत्तीर्ण प्रतिशत | | | | |
| ३ | प्रधानाध्यापक तालिम | ५ | | | |
| ४ | प्रअ हाजिरी तथा नियमितता | २० | | | |
| ५ | विद्यार्थी सिकाइ उपलब्धी | १५ | | | |
| ६ | सूचना प्रविधी (ICT)को प्रयोग | ५ | | | |
| ७ | विद्यालय विकास प्रस्ताव/कार्ययोजना | १५ | | | |
| ८ | विद्यालयको प्रशासनिक तथा व्यवस्थापकीय पक्ष | ५ | | | |
| | जम्मा | १०० | | | |

..............		..............

पेश/तयार गर्ने		प्रमाणित गर्ने

प्रधानाध्यापक		विव्यस अध्यक्ष

## शिक्षक मूल्याङकन फारम ढाँचा

(प्रत्येक शिक्षकका लागि)

विद्यालयको नाम र ठेगाना:		मिति:

शिक्षकको नाम थर:　　　　तह र श्रेणी:

अध्यापन गरेको कक्षा र बिषय :　　　　शैक्षिक सत्र:

| क स | मापदण्ड/आधार | पूर्णाङ्क | विद्यमान अवस्था/विवरण | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | ५ | | | |
| २ | विद्यार्थी सिकाइ उपलब्धी | ३५ | | | |
| | कक्षा ५ को उत्तीर्ण प्रतिशत | | | | |
| | कक्षा ८ को उत्तीर्ण प्रतिशत | | | | |
| | कक्षा १० को उत्तीर्ण प्रतिशत | | | | |
| | कक्षा १२ को उत्तीर्ण प्रतिशत | | | | |
| ३ | कार्य अनुभव | ५ | | | |
| ४ | शिक्षक हाजिरी तथा नियमितता | २० | | | |
| ५ | अध्यापन गरेको पिरियड | १० | | | |
| ६ | विशेष जिम्मेवारी | ५ | | | |
| ७ | खाली पिरियड व्यवस्थापन | ५ | | | |
| ८ | कक्षामा बिताउने समय | ५ | | | |
| ९ | प्रधानाध्यापकको मूल्याङकन | ५ | | | |
| १० | सूचना प्रविधी (ICT)को प्रयोग | ५ | | | |
| | जम्मा | १०० | | | |

पुनश्च: हाजिरी तथा नियमितताको सन्दर्भमा विद्यालय सञ्चालन भएको जम्मा दिनको आधारमा शिक्षकको विद्यालयमा उपस्थिति दिन अर्थात रुजु हाजिरी भएको दिनलाई आधार लिइनेछ।

..............　　　　................

पेश/तयार गर्ने　　　　प्रमाणित गर्ने

शिक्षक　　　　प्रधानाध्यापक

## बालविकास शिक्षक मूल्याङकन फारम ढाँचा

(प्रत्येक बालविकास शिक्षकका लागि)

विद्यालयको नाम र ठेगाना:　　　　मिति:

शिक्षकको नाम थर:　　　　पद:

अध्यापन गरेको तह र कक्षा :　　　　शैक्षिक सत्र:

| क स | मापदण्ड/आधार | पूर्णाङ्क | विद्यमान अवस्था/विवरण | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | ५ | | | |
| २ | कक्षाकोठा व्यवस्थापन | २० | | | |
| ३ | कार्य अनुभव | १० | | | |
| ४ | शिक्षक हाजिरी तथा नियमितता | २० | | | |
| ५ | आधारभूत ECD तालिम | ५ | | | |
| ६ | विशेष जिम्मेवारी | ५ | | | |
| ७ | अतिरिक्त कक्षा व्यवस्थापन | १० | | | |
| ८ | प्रधानाध्यापकको मूल्याङकन | १५ | | | |
| ९ | **ICT** सम्बन्धी आधारभूत ज्ञान र सिप | १० | | | |
| | जम्मा | १०० | | | |

पुनश्च: हाजिरी तथा नियमितताको सन्दर्भमा विद्यालय विद्यालय सञ्चालन भएको जम्मा दिनको आधारमा शिक्षकको विद्यालयमा उपस्थिति दिन अर्थात रुजु हाजिरी भएको दिनलाई आधार लिइनेछ।

..............		................

पेश/तयार गर्ने		प्रमाणित गर्ने

बालविकास शिक्षक		प्रधानाध्यापक

## विद्यालय कर्मचारी मूल्याङकन फारम ढाँचा

(प्रत्येक कर्मचारीका लागि)

विद्यालयको नाम र ठेगाना:		मिति:

कर्मचारीको नाम थर:		पद:

| क स | मापदण्ड/आधार | पूर्णाङ्क | विद्यमान अवस्था/विवरण | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | ५ | | | |
| २ | कर्मचारी हाजिरी तथा नियमितता | २० | | | |
| ३ | कार्य अनुभव | १० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | प्रधानाध्यापकको मूल्याङकन | ४० | | | |
| ५ | सूचना प्रविधी (ICT) को प्रयोग | १० | | | |
| ६ | कार्यसम्पादन अवस्था | १५ | | | |
| | जम्मा | १०० | | | |

पुनश्चः हाजिरी तथा नियमितताको सन्दर्भमा विद्यालय विद्यालय सञ्चालन भएको जम्मा दिनको आधारमा कर्मचारीको विद्यालयमा उपस्थिति दिन अर्थात रुजु हाजिरी भएको दिनलाई आधार लिइनेछ।

.............. ................

पेश/तयार गर्ने प्रमाणित गर्ने

विद्यालय कर्मचारी प्रधानाध्याप

**विद्यालय सहयोगी मूल्याङकन फारम ढाँचा**

(प्रत्येक विद्यालय सहयोगीका लागि)

विद्यालयको नाम र ठेगानाः मितिः

कर्मचारीको नाम थरः पदः

| क स | मापदण्ड/आधार | पूर्णाङ्क | विद्यमान अवस्था/विवरण | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | ५ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | कर्मचारी हाजिरी तथा नियमितता | २० | | | |
| ३ | कार्य अनुभव | १० | | | |
| ४ | प्रधानाध्यापकको मूल्याङकन | ४० | | | |
| ५ | अतिरिक्त जिम्मेवारी | १० | | | |
| ६ | कार्यसम्पादन अवस्था | १५ | | | |
| | जम्मा | १०० | | | |

पुनश्चः हाजिरी तथा नियमितताको सन्दर्भमा विद्यालय विद्यालय सञ्चालन भएको जम्मा दिनको आधारमा कर्मचारीको विद्यालयमा उपस्थिति दिन अर्थात रुजु हाजिरी भएको दिनलाई आधार लिइनेछ।

.............. ................

पेश/तयार गर्ने प्रमाणित गर्ने

विद्यालय सहयोगी प्रधानाध्यापक

आज्ञाले

बस बहादुर राना

प्रमुख प्रशासकीय अधिकृत